प्रति साधारण शेयर रू.१००/- अंकित
दरको १,१०,४३,१७१ कित्ता
हकप्रद साधारण शेयरको निष्काशन

दरखास्तसाथ भुक्तानी गर्नुपर्ने
रु.१००/- प्रति शेयरको दरले

ज्योति विकास बैंक लि.
JYOTI BIKASH BANK LTD.
More than a Bank
"नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजत प्राप्त वित्तीय संस्था"
रजिष्टर्ड कार्यालयः का.म.न.पा. वडा नं. ३१, कमलादी, काठमाण्डौ, नेपाल
फोन नं. ०१-४४२७६२७/४४२७५५०/४४३७१८/४४२७६९०, फ्याक्स नं ०१-४४४२१९२
Email: info@jbbl.com.np, website:www.jbbl.com.np

हकप्रद शेयरको बिक्री खुल्ला अवधिः
निष्काशन खुल्ला मितिः २०७४/०१/२८ गते
निष्काशन बन्द हुने मितिः २०७४/०२/३१ गते
(बैकिङ्ग समय पश्चात्)

१ कित्ता साधारण शेयर बराबर नयाँ १ कित्ता साधारण शेयरको

हकप्रद निष्काशन (Rights Issue) सम्बन्धी सूचना

विकास बैंकको विद्यमान रु.१,१०,४३,१७,१०० चुक्ता पूँजीमा एक शेयर बराबर नयाँ एक (१ : १) शेयरको अनुपातमा रु.१००/- अंकित दरका १,१०,४३,१७१ कित्ता हकप्रद शेयर मिति २०७४/०१/१३ गतेसम्म नेपाल स्टक एक्सचेन्ज लि. मा कारोबार भई कायम साविक शेयरधनीहरुको लागि निष्कासन गर्नको लागि प्रकाशित गरिएको ।

हकप्रद शेयर निष्काशन सम्बन्धमा सामान्य जानकारी

१. संगठित संस्थाको नाम :
ज्योति विकास बैंक लिमिटेड
Jyoti Bikash Bank Limited

२. संगठित संस्थाको रजिष्टर्ड कार्यालय :
यस विकास बैंकको रजिष्टर्ड (केन्द्रीय) कार्यालय वाग्मति अञ्चल, काठमाण्डौ जिल्ला, काठमाण्डौ महानगरपालिका, वडा नं ३१, कमलादीमा रहेकोछ ।

३. कारोवार स्थान :
यस विकास बैंकको वित्तीय कारोवार गर्ने मुख्य स्थान का.म.न.पा. वडा नं. ३१, कमलादी, काठमाण्डौमा रहेको छ भने शाखा कार्यालयहरु काठमाडौंको कोटेश्वर, जोरपाटी, असन, सरसस्वतीनगर, सुन्धारा, नयाँ बानेश्वर, न्यूरोड, बालाजु, ललितपुरको प्रयागपोखरी, भक्तपुरको च्यामासिंह तथा उपत्यका बाहिर बुटवल, बर्दिबास, सिमरा, चन्द्रनिगाहपुर, पथरी, विरगन्ज, दिक्तेल, भरतपुर, देवघाट, विराटनगर, पोखरा, नेपालगन्ज, कोहलपुर, जाजरकोट र प्युठानको बाग्दुला, भिंग्री, मच्छी, दर्भान, क्वाडीमा शाखा कार्यालयहरु खोली कारोबार सञ्चालन गर्दै आइरहेको छ । साथै, भविष्यमा आवश्यकता अनुसार नेपाल राज्यभर शाखा कार्यालय खोली कारोवार गर्न सकिनेछ ।

४. संगठित संस्थाको सक्षिप्त परिचय र उद्देश्य :
१) **सक्षिप्त परिचयः** ज्योति विकास बैंक लिमिटेड, कम्पनी ऐन, २०६३ बमोजिम मिति २०६५।१।२६ गते नेपाल सरकार, कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भै मिति २०६५।३।३० मा नेपाल राष्ट्र बैंकबाट वित्तीय कारोवार गर्न इजाजत प्राप्त गरी मिति २०६५।४।१९ गतेदेखि विकास बैंकले आफ्नो वित्तीय कारोवार संचालन गरिरहेको छ । यस विकास बैंकका संस्थापकहरुमा बैंक/वित्तीय क्षेत्र, जल विद्युत उत्पादन तथा उर्जा विकास, पूर्वाधार निर्माण तथा विकास, ईन्जिनियरिङ्ग तथा प्राविधिक क्षेत्र, व्यापार व्यवस्थापनमा लामो समय देखि दखल भएका प्रतिष्ठित व्यवसायीहरु रहेका छन् ।

२) **उद्देश्यः** नेपाल राष्ट्र बैंक ऐन, २०५८, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३, कम्पनी ऐन, २०६३ तथा अन्य प्रचलित कानूनको अधिनमा रही बैकिङ्ग/वित्तीय कारोवार गर्ने यस विकास बैंकको मुख्य उद्देश्यहरु देहाय बमोजिम हुनेछन् ।
   - क) विकास बैंकको निक्षेपकर्ताको हक हितको संरक्षण र सम्वर्द्धन गर्दै स्वस्थ्य प्रतिस्पर्धाबाट सर्वसाधारणहरुलाई गुणस्तरीय तथा भरपर्दो बैंकिङ्ग/ वित्तीय मध्यस्थता सेवा उपलब्ध गराउने,
   - ख) कृषि, उद्योग, सेवा, व्यापार तथा अन्य व्यवसायिक रुपले सम्भाव्य देखिएका उत्पादनशील व्यवसायको स्थापना, विकास, विस्तार र क्षमता एवं उत्पादकत्व बृद्धिका लागि आवश्यक बैंकिङ्ग/वित्तीय साधन आन्तरिक तथा बाह्य स्रोतबाट जुटाई देशको औद्योगिक, व्यापारिक एवं कृषि क्षेत्रको विकासमा गतिशिलता ल्याउन सहयोग पुऱ्याउने ।
   - ग) उपलब्ध शीप, श्रम तथा पूँजीलाई उचित रुपमा परिचालन गरी ग्रामीण तथा शहरी क्षेत्रमा उत्पादन एवं रोजगारीमुलक व्यवसायको स्थापना, संचालन, विकास, विस्तार एवं प्रवर्द्धन गर्ने र सो कार्यको लागि आवश्यक वित्तीय साधन, प्राविधिक तथा व्यवस्थापकीय परामर्श सेवा, तालिम तथा प्रविधि उपलब्ध गराई गरिवी निवारणका लागि सक्रिय रुपमा संलग्न भई सहयोग पुऱ्याउने ।
   - घ) बैकिङ्ग/वित्तीय सेवामा जोखिम कम गर्दै बैंकिङ्ग/वित्तीय क्षेत्रको उदारीकरणमा मद्धत पुऱ्याउने र देशको अर्थतन्त्रलाई सबल तथा सुदृढ बनाउन सहयोग पुऱ्याउने ।
   - ङ) देशको समग्र वित्तीय प्रणाली प्रति सर्वसाधरणको विश्वसनीयता अभिवृद्धि गर्न सहयोग पुऱ्याउने ।

५. शेयर पूँजीको संरचना :
(क) अधिकृत पूँजी : विकास बैंकको अधिकृत पूँजी रु. २,५०,००,००,०००/- (अक्षेरेपी दुई अर्व पचास करोडमात्र) रहेको छ । उक्त पूँजीलाई रु. १००/- का दरले २,५०,००,००० (दुई करोड पचास लाख) थान शेयरमा विभाजन गरिएको छ ।

(ख) जारी पूँजी : विकास बैंकको जारी पूँजी रु. २,२०,८६,३४,२००/- (अक्षेरेपी दुई अर्व वीस करोड छ्यासी लाख चौतिस हजार दुई सय) रहेको छ । उक्त पूँजीलाई रु. १००/- का दरले २,२०,८६,३४२ (दुई करोड वीस लाख छ्यासी हजार तीनसय बयालिस) थान शेयरमा विभाजन गरिएको छ ।

(ग) चुक्ता पूँजी : विकास बैंकको हाल चुक्ता पूँजी रु. १,१०,४३,१७,१००/- (अक्षेरेपी एक अर्व दश करोड त्रिचालिस लाख सत्रहजार एक सय) रहेको छ जसलाई रु. १००/- का दरले १,१०,४३,१७१ (एक करोड दश लाख त्रिचालिस हजार एक सय एकहत्तर) थान शेयरमा विभाजन गरिएको छ । यस हकप्रद शेयर निष्काशन गरी बाँडफाँड गरे पश्चात् बैंकको चुक्ता पूँजी रु.२,२०,८६,३४,२००/- (अक्षेरेपी दुई अर्व वीस करोड छ्यासी लाख चौतिस हजार दुईसय) रहने छ ।

६. हकप्रद शेयर निष्काशन गरि बाँडफाँड गरे पश्चात् हुने चुक्ता पूँजीको संरचना :
हकप्रद शेयर निष्काशन गरी बाँडफाँड गरे पश्चात हुने चुक्ता पूँजीको संरचना :

क्र.स.	शेयरधनीहरु	शेयर कित्ता	पूँजी संरचना (%)	चुक्ता रकम रु.	भुक्तानी प्रतिशत
क	संस्थापक शेयरधनीहरु	१,३२,५१,८०५.२०	६०.५१	१,३२,५१,८०,५२०/-	शतप्रतिशत
ख	सर्वसाधारण शेयरधनीहरु (कर्मचारी समेत)	८८,३४,५३६.८०	३९.४९	८८,३४,५३,६८०/-	शतप्रतिशत
	जम्मा	२,२०,८६,३४,२.००	१००	२,२०,८६,३४,२००/-	

७. सञ्चतालक तथा कार्यकारी प्रमुखको नाम, ठेगाना, शैक्षिक योग्यता तथा अनुभव :
विकास बैंकको संचालक समितिमा हाल निम्न बमोजिमका सञ्चालकहरुले प्रतिनिधित्व गर्नु भएको छ ।

सि.नं.	संचालकको नाम	पद	शैक्षिक योग्यता	ठेगाना	व्यवसायिक अनुभव
१.	श्री हरि चन्द्र खड्का	अध्यक्ष	व्यवस्थापनमा स्नातकोत्तर	खड्गभन्ज्याङ्ग-६ नुवाकोट हाल का.म.न.पा.-२९, रानीबारी	तयारी पोशाक निर्यात सम्बन्धी १३ वर्षको अनुभव, संचालक- प्रकृति इन्टभेष्टमेन्ट एण्ड सेक्युरिटिज प्रा.लि. ।
२.	श्री गोसाई केसी	सदस्य	मानविकिमा स्नातकोत्तर	चावहिल, चुच्चेपाटी	नेपाल विद्युत प्राधिकरणमा ३० वर्षको अनुभव कार्यकारिणी तहबाट सेवा निर्वित्त ।
३.	श्री मोहन बहादुर वस्नेत	सदस्य	व्यवस्थापनमा स्नातक	ल.पु. उप म.न.पा. वडा नं. ४ बागडोल	नेपाल विद्युत प्राधिकरणमा २८ वर्षको अनुभव, प्रवन्ध संचालक क्यालिबर इन्भेष्टमेन्ट प्रा.लि. ।
४.	श्री सन्तोष अधिकारी	सदस्य	व्यवस्थापनमा स्नातकोत्तर, कानुनमा स्नातक	महाकाली-५, नुवाकोट	हाम्रो विकास बैंक लि. को पूर्व संचालक एवं विगत १२ वर्षदेखि पूँजी बजारमा संलग्न ।
५.	श्री छत्रमान श्रेष्ठ	सदस्य	व्यवस्थापनमा स्नातकोत्तर, कानुनमा स्नातक	का.म.न.पा.-९, वत्तिसपुतली, काठमाण्डौ	नेपाल विद्युत प्राधिकरणमा २९ वर्षको अनुभव, हाल कानून व्यवसायी ।
६.	श्री नारायण प्रसाद पौड्याल	सदस्य	मानविकिमा स्नातकोत्तर, कानुनमा स्नातक	सेतीदोभान-२ स्याङ्गजा, हाल नागार्जुन न.पा.-१३, काठमाण्डौ	सुप्रिम विकास बैंक लि. पूर्व संचालक तथा विगत लामो समय देखि कानून, पत्रकारिता, शिक्षा क्षेत्रमा कार्यरत ।
७.	श्री गोकर्ण खतिवडा	सदस्य	मानविकिमा स्नातक	बालकुमारी-१, नुवाकोट	लामो समय देखि पत्रकारिता तथा बैकिङ्ग क्षेत्रमा कार्यरत ।
८.	श्री ध्रुव कोइराला	सदस्य	कानुनमा स्नातकोत्तर	गोरखा न.पा.-३, गोरखा, हाल सानेपा, ललितपुर	विगत लामो समय देखि कानून क्षेत्रमा कार्यरत ।
९.	श्री जगदीश्वर प्रसाद अधिकारी	सदस्य	व्यवस्थापनमा स्नातकोत्तर	आलोकनगर-३४, मिनभवन, काठमाण्डौ	नेपाल राष्ट्र बैंकमा विगत ३० वर्षको कार्यानुभव, कार्यकारिणी तहबाट सेवा निवृत्त ।

विकास बैंकको प्रमुख कार्यकारी अधिकृतको विवरण :

नाम	योग्यता	ठेगाना	अनुभव
श्री कृष्ण बहादुर कुँवर	मानविकिमा स्नातकोत्तर, कानुनमा स्नातक	गुल्मी हाल कलंकी, काठमाण्डौ	कृषि विकास बैंक लिमिटेडमा ३० वर्ष भन्दा बढी कार्यअनुभव । ग्लोबल आइएमइ बैंकमा ५ वर्ष कार्यानुभव । त्रिवि मा १० वर्ष भन्दा बढी भिजिटिङ्ग फ्याकल्टी मेम्बरको रुपमा कार्यानुभव ।

८. संचालक समितिको बनौट :
विकास बैंकको नियमावलीको नियम ८(२) मा भएको व्यवस्था अनुसार ९ (नौ) जना सञ्चालक सदस्य रहेको सञ्चालक समिति देहाय बमोजिम गठन गरिएको छः

'संस्थापक समूहका शेयरधनीहरुबाट आपसी समझदारीबाट मनोनित वा निर्वाचित	५ (चार) जना
सर्वसाधारण समूहको शेयरधनीबाट निर्वाचित	३ (तीन) जना
नेपाल राष्ट्र बैंकले कायम गरेको व्यवसायिक विशेषज्ञहरुको सूचीबाट सञ्चालक समितिले नियुक्त गरेको व्यावसायिक सञ्चालक	१ (एक) जना

संचालकहरुको कार्यकाल ४ वर्षको हुनेछ ।

वार्षिक साधारण सभा हुनुभन्दा अगावै कुनै संचालकको पद रिक्त हुन आएमा बाँकी अवधिका लागि सोहि समूहको प्रतिनिधित्व हुने गरी समितिद्वारा संचालकको नियुक्त गर्न सकिनेछ । कुनै संचालकको पद त्यसरी रिक्त भएमा नयाँ नियुक्त संचालकको कार्यकाल रिक्त भएको संचालकको बाँकी कार्यकाल सम्मका लागि मात्र हुनेछ ।

९. लिनुपर्ने न्यूनतम शेयर संख्या र दरखास्त साथ पठाउनु पर्ने पेश्की रकमः
यस "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" मार्फत निष्काशन तथा बिक्री गरिने हकप्रद शेयरको लागि आवेदन दिंदा यस निष्काशन प्रयोजनका लागि शेयरधनी दर्ता पुस्तिका बन्द गर्ने मितिभन्दा अघिल्लो दिनसम्म कायम शेयरधनीहरुले आफ्नो नाममा कायम शेयरको १ : १ को अनुपातमा (विद्यमान १ कित्ता शेयर बराबर नयाँ १ कित्ता शेयरको दरले) हुन आउने शेयरका लागि आवेदन दिन सक्नेछन् ।

यदि कुनै शेयरधनीले आफूले हकप्रद आधारमा खरीद/दरखास्त गर्न पाउने शेयर संख्या भन्दा बढी शेयरका लागि आवेदन दिएमा सो बढी शेयरलाई बाँडफाँडमा समावेश गरिने छैन । त्यसरी नै कुनै शेयरधनीले आफूले हकप्रद आधारमा खरीद/दरखास्त गर्न पाउने शेयर संख्या भन्दा कम शेयरका लागि दरखास्त दिएमा सोही बमोजिम नै गणना कायम गरिनेछ । दरखास्तसाथ प्रति शेयर रु. १००/- को दरले आवेदन दिने शेयर संख्यालाई गुणन गर्दा हुन आउने बराबरको एकमुष्ठ नगद रकम वा सो बराबरको रकम निष्काशन बैंकमा जम्मा गरेको भौचर वा बैंक ड्राफ्ट दरखास्त फारमसाथ संलग्न भएको हुनुपर्नेछ ।

१०. हकप्रद शेयरको अनुपात भन्दा बढी शेयर खरिद गर्न पाउने/नपाउने सम्बन्धी व्यवस्था :
हकपद्र शेयरको अनुपात भन्दा बढी शेयर खरिदको लागि आवेदन गर्न पाउने छैनन् तर आवेदन दिंदा हक वापतको शेयर संख्या खण्डित शेयर आएमा सो खण्डित शेयरलाई नजिकको माथिको पूरा शेयरमा परिणत गरी आवेदन दिन सक्नेछन् ।

११. साविकका शेयरधनीहरुले हकप्रद शेयर खरिदका लागि दरखास्त नदिई बाँकी रहन गएका शेयरहरुको बिक्री गर्ने सम्बन्धी व्यवस्था :
हकप्रद शेयर खुल्ला अवधीमा सम्पूर्ण शेयर बिक्री नभई शेयर बाँकी रहेमा संचालक समितिको निर्णय अनुसार अत्यन्त पारदर्शी तरिकाद्वारा (जस्तै लिलाम बढाबढ) बिक्री गरिनेछ । यसरी बिक्री गर्दा खरिद गर्न चाहने लगानीकर्ताहरु सबैलाई समान अवसर प्रदान गरिनेछ ।

१२. कम्पनीको विगत तथा आगामी तीन वर्षको प्रक्षेपित वित्तीय विवरणका साथै नेटवर्थ :

वासलात *(रु. हजारमा)*

पूँजी तथा दायित्व	वास्तविक (लेखापरीक्षण भइसकेको)			वास्तविक (व्यवस्थापन प्रमाणित)	अनुमानित		
	आ.ब. ०७०/०७१	आ.ब. ०७१/०७२	आ.ब. ०७२/०७३	०७३/०७४ पौष	आ.ब. ०७३/०७४	आ.ब. ०७४/०७५	आ.ब. ०७५/०७६
१. शेयर पूँजी	८४७,२२६	९२३,४७६	१,०३१,५२३	१,१०१,९४१	२,५६७,९७०	२,५६७,९७०	२,५६७,९७०
२. जगेडा कोषहरु	५९,२२५	८१,९५०	१२५,८५१	२८२,८६८	२७७,५७५	७२२,१७९	१,२२४,६१४
३. ऋणपत्र तथा बण्ड	-	-	-	-	-	-	-
४. तिर्न बाँकी कर्जा तथा सापट		-	-	१७०,०००	-	-	-
५. निक्षेप दायित्व	५,१८५,४२७	६,३३२,९००	७,६७७,१८५	९,१२९,०६२	१०,७८४,१५३	१२,९४०,९८३	१५,५२९,१८०
६. भुक्तानी दिनु पर्ने विलहरु	-	-	-	-	-	-	-
७. प्रस्तावित लाभांश	२,९१७	४,०१३	-	-	११,५९९	१३,९१९	१६,७०३
८. आयकर दायित्व	-	५,२०८	४,९२८	१३,९७२	१५९,४७७	१९०,५४५	२१५,३२९
९. अन्य दायित्व	९९,९६५	७५,५४२	७८,३६४	१४८,२२४	८६,२०१	९४,८२१	१०४,३०३
कूल दायित्व	६,१९४,७६०	७,४२३,०८९	८,९१७,८५२	१०,८४६,०६६	१३,८८६,९७४	१६,५३०,४१८	१९,६५८,१००

सम्पत्ति	वास्तविक (लेखापरीक्षण भइसकेको)			वास्तविक (व्यवस्थापन प्रमाणित)	अनुमानित		
	आ.ब. ०७०/०७१	आ.ब. ०७१/०७२	आ.ब. ०७२/०७३	०७३/०७४ पौष	आ.ब. ०७३/०७४	आ.ब. ०७४/०७५	आ.ब. ०७५/०७६
१. नगद मौज्दात	६३,५११	७६,९३६	८१,२४२	१४१,७७१	१८७,६८१	१३९,७०९	१३४,०३१
२. नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात	२२९,३९१	३१५,५७८	३८४,७२५	४००,०९३	४८०,११२.१८	७४४,१७४	१,४८८,३४८
३. बैंक तथा वित्तीय संस्थामा रहेको मौज्दात	११९,६९५	४६,११४	१०,३१९	३५,५५९	५६,८९४.४७	८५,३४२	१८७,७५२
४. माग तथा अल्प सूचनामा प्राप्त हुने रकम	१,२६६,२१२	१,७०४,१००	१,९६९,३००	१,४९२,४४५	१,६७३,९०५	१,९२४,९९०.७०	२,८८७,४८६
५. लगानी	१९५,४१७	२०६,८७८	४५५,४७८	५०५,५०६	५९०,८२१	६०२,३६६	६१४,४८८
६. कर्जा सापट तथा विल खरिद	४,१८२,२५८	४,९५६,४९७	५,८९१,६६४	७,८७०,७३९	१०,५८०,३९५	१२,६९६,४७४	१३,९६८,२५१
७. स्थिर सम्पत्ति	५१,०९५	५३,६९७	५४,८६३	७३,०१२	५७,६०६.४२	६३,३६७	६९,७०४
८. गैर वैंकिङ्ग सम्पत्ति	-	-	-	-	-	-	-
९. अन्य सम्पत्ति	८७,१७९	६३,२९०	७०,२६०	३२६,९४०	२५९,५६०	२७३,९९६	३०८,०४१
कूल सम्पत्ति	६,१९४,७६०	७,४२३,०८९	८,९१७,८५२	१०,८४६,०६६	१३,८८६,९७४	१६,५३०,४१८	१९,६५८,१००

नाफा-नोक्सान हिसाब *(रु. हजारमा)*

विवरण	वास्तविक (लेखापरीक्षण भइसकेको)			वास्तविक (व्यवस्थापन प्रमाणित)	अनुमानित		
	आ.ब. ०७०/०७१	आ.ब. ०७१/०७२	आ.ब. ०७२/०७३	०७३/०७४ पौष	आ.ब. ०७३/०७४	आ.ब. ०७४/०७५	आ.ब. ०७५/०७६
ब्याज आम्दानी	५५२,६७९	५९३,८४८	६७२,७३२	४१५,००८	१,०८९,७६१	१,३४०,९१६	१,५४२,७५३
ब्याज खर्च	३१७,२६१	३११,४९३	३४०,९८९	१८९,०९१	४१५,४१८	५९३,१६८	७११,७९६
खूद ब्याज आम्दानी	२३५,४१७	२८२,३५५	३३१,७४४	२२५,९१६	६७४,३४३	७४७,७४८	८३०,९५७
कमिशन तथा डिस्काउण्ट	४,८८४	३,८४३	३,१६३	२,५४६	५,८५७	७,६१४	७,९९४
अन्य संचालन आम्दानी	३३,२०४	३६,२५०	४०,२२७	३६,७२३	५६,२२७	५९,०३८	६१,९९०
सटही घटबढ आम्दानी	-	१२	४५		-	-	-
कूल संचालन आम्दानी	२७३,५०५	३२२,४६०	३७५,१७९	२६५,१८६	७३६,४२७	८१४,४००	९००,९४२
कर्मचारी खर्च	५३,९५४	६०,४७७	६३,९७१	४८,९४९	७३,४२४	८०,७६७	८४,८०४.८५
अन्य संचालन खर्च	७६,६५४	८४,३८४	९०,५२६	४८,८२७	९५,७२७	९७,९८१	११५,८३६
सटही घटबढ नोक्सान	२३,१४१	-	-	१४	१५	१७	१८
संभावित नोक्सानी व्यवस्था अघिको सञ्चालन मुनाफा	१४२,८७४	१७७,५९८	२२०,६८२	१६७,३९५	५६७,२६२	६३५,६३६	७००,२८२
सम्भावित नोक्सानी ब्यबस्थाहरु	४०,६५१	३०,४१७	४३,६०९	१९,१७९	७२,९६३	३८,१६६	२७,०३४
संञ्चालन मुनाफा	१०२,२२२	१४७,१८१	१७७,०७३	१४८,२१६	४९४,२९९	५९७,४७०	६७३,२४८
गैर सञ्चालन आम्दानी / नोक्सान	३२८	(४२१)	२८,९५०	२९,६३४	४१,४८८	४९,७८५	५९,७४२
सम्भावित नोक्सानी व्यवस्थाबाट फिर्ता	१२	१३,८४८	३५,४७३	३४,९७२	४८,९६१	५१,४०९	५६,५५०
नियमित कारोवारबाट भएको मुनाफा	१०२,५६२	१६०,६०८	२४१,४९५	२१२,८२२	५८४,७४७	६९८,६६४	७८९,५४१
असामान्य कारोवारहरुबाट भएको मुनाफा/खर्च	७३७	१३,१८५	(६१८)	-	-	-	-
सम्पूर्ण कारोवार समावेश पछिको खुद मुनाफा	१०१,८२६	१६०,५९५	२४०,८७८	२१२,८२२	५८४,७४७	६९८,६६४	७८९,५४१
कर्मचारी बोनस ब्यबस्था	९,२५७	१४,६००	२१,८९८	१९,३४७	५३,१५९	६३,५१५	७१,७७६
आयकर ब्यबस्था	२९,६९६	४३,००७	६७,०३२	५८,०४२	१५९,४७७	१९०,५४५	२१५,३२९
यस वर्षको	२९,३२५	४५,३३३	६६,८०३	५८,०४२	१५९,४७७	१९०,५४५	२१५,३२९
गत वर्षसम्मको	-	(८९४)	१४२	-	-	-	-
पर सारिएको आयकर	३७१	१,४३२	८८	-	-	-	-
खूद नाफा/नोक्सान	६२,८७३	१०२,९८८	१५१,९४८	१३५,४३२	३७२,११२	४४४,६०४	५०२,४३५

नेटवर्थ सम्बन्धी विवरण *(रु. हजारमा)*

विवरण	वास्तविक (लेखापरीक्षण भइसकेको)			अनुमानित (आ.व. मसान्तको)		
	आ.ब. ०७०/०७१	आ.ब. ०७१/०७२	आ.ब. ०७२/०७३	आ.ब. ०७३/०७४	आ.ब. ०७४/०७५	आ.ब. ०७५/०७६
चूक्ता पूँजी	८४७,२२६	९२३,४७६	१,०३१,५२३	२,५६७,९७०	२,५६७,९७०	२,५६७,९७०
साधारण जगेडा कोष	५९,२२५	१५८,२००	१२५,८५१	२७७,५७५	७२२,१७९	१,२२४,६१४
अपलेखन गर्न बाँकी	(२,७६९)	(३,५५४)	(२,१२६)	(२,८३९)	(३,५२३)	(४,२२७)
कुल नेटवर्थ	९०३,६८२	१,०७८,१२२	१,१५५,२४८	२,८४२,७०६	३,२८६,६२७	३,७८८,३५७
शेयर संख्या (हजारमा)	८,४७२	९,२३५	१०,३१५	२५,६८०	२५,६८०	२५,६८०
प्रति शेयर नेटवर्थ रु.	१०६.६६	११६.७५	१११.९९	११०.७०	१२७.९९	१४७.५२
नेटवर्थमा औषत प्रतिफल	१०.१५%	९.५५%	१३.१५%	१३.०९%	१३.५३%	१३.२६%

* अपरिस्कृत वास्तविक (लेखापरिक्षण नभएको) वित्तीय विवरण व्यवस्थापनबाट प्रमाणीत भएको ।

नोटः निष्काशन पूर्वको प्रतिशेयर आम्दानी (EPS) कायम राख्न बृद्धि हुने नेटवर्थमा आवश्यक न्यूनतम प्रतिफल १४.०५ प्रतिशत आगामी आ.ब.को वित्तीय प्रक्षेपण बैक व्यवस्थापनबाट तयार पारीएको हो ।

द्रष्टव्य : माथि उल्लेख गरिएका वित्तीय विवरण तथा प्रक्षेपित वित्तीय विवरण तयार र विश्लेषण गर्ने व्यवसायिक संस्थामा निष्काशनकर्ता विकास बैंक आफै रहेको छ । निष्काशनकर्ता बैंकले प्राप्त गरेको हालसम्मको कार्य प्रगतिको आधारमा प्रेशित वित्तीय विवरण तथा प्रक्षेपणको अनुमान तथा आधारहरु ठिक छ भनी प्रमाणित गर्नेमा श्री आर.के.एस.एण्ड एसोसियट्स चार्टर्ड एकाउन्टेन्ट्सका तर्फबाट सि.ए. राजेश कुमार शाह हुनुहुन्छ ।

१३. संगठित संस्थाले गर्ने भएको काममा निहित सम्भाबित आर्थिक जोखिमहरु :
(क) बैंक तथा वित्तीय संस्थाहरुको आपसी प्रतिस्पर्धाबाट उत्पन्न हुनसक्ने सम्भावित जोखिमहरु ।
(ख) नयाँ कम्पनीहरुको प्रवेशबाट उत्पन्न हुने प्रतिस्पर्धाबाट हुन सक्ने जोखिमहरु ।
(ग) विकास बैंकले प्रदान गरेको कर्जा तथा सापट खराब कर्जामा परिणत हुन गएमा हुने जोखिमहरु ।
(घ) देशको राजनीतिक अस्थिरताबाट आउन सक्ने जोखिमहरु ।
(ङ) देशको आर्थिक अवस्थामा आउने उतार चढावबाढ हुनसक्ने जोखिमहरु ।
(च) नेपाल सरकार र नेपाल राष्ट्र बैंकको आर्थिक तथा वित्तीय नीति, नियममा हुने परिवर्तनवाट सिर्जना हुन सक्ने जोखिमहरु ।
(छ) निक्षेप तथा कर्जाको व्याजदरमा आउने परिवर्तनबाट सिर्जना हुन सक्ने जोखिमहरु ।
(ज) कर्जा तथा लगानीको दायरा साघुँरिएर उत्पन्न हुनसक्ने जोखिमहरु ।
(झ) पूँजी बजारको अवस्थामा आउने उतार चढावबाट पर्न सक्ने जोखिमहरु ।
(ञ) अन्तर्राष्ट्रिय बजारमा हुने मन्दीबाट नेपाली बजारमा पर्न सक्ने असरबाट हुन सक्ने जोखिमहरु ।
(ट) देशको मौद्रिक नीति लगायत नेपाल राष्ट्र बैंकले गर्ने नियम निर्देशनको अप्रत्याशित परिवर्तनबाट सिर्जना हुन सक्ने जोखिमहरु ।
(ठ) देशको बैदेशिक नीतिमा हुन सक्ने परिवर्तन तथा विदेशी मुद्राको विनिमय दरमा घटवढ भई उत्पन्न हुन सक्ने सम्भावित जोखिमहरु ।
(द) तरलता अभावका कारण हुनसक्ने जोखिमहरु ।
(ढ) विकास बैंकले धितोपत्रहरुमा लगानी गरेको हुँदा ती लगानीमा हुने मूल्य परिवर्तनको जोखिमहरु ।

सम्भावित आर्थिक जोखिमहरुलाई न्यूनिकरण गर्न विकास बैंकले निम्न उपायहरु अवलम्वन गर्दै आइरहेको छ :

विकास बैंकको कर्जा तथा लगानी खराब भई हुन सक्ने जोखिमहरुको लागि विकास बैंकले कर्जा तथा लगानी जोखिम कोषको व्यवस्था गरेको छ । विकास बैंकले वित्त वजारमा हुने प्रतिस्पर्धाको लागि जनशक्ति विकासमा ध्यान पुऱ्याउनुको साथै अन्य व्यवसायिक जोखिमहरुवाट सिर्जना हुन सक्ने हानी नोक्सानीको लागि व्यवस्थापन चनाखो भई सम्भावित हानी नोक्सानी कम गर्न सक्षम र प्रतिवद्ध छ ।

धितोपत्रको मूल्य परिवर्तन सम्बन्धी जोखिमः

निष्काशन गरिएको शेयर मूल्य रु.१००/- प्रति शेयरका दरले सूचीकरण पश्चात् नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा हुने कारोवार मूल्य नजनाउने भएकोले शेयर मूल्यमा हुनसक्ने परिवर्तनको जोखिम रहेको छ ।

१४. हकप्रद साधारण शेयर खरिद गर्न चाहने शेयरधनीहरुले पालना गर्नुपर्ने केहि मुख्य कुराहरु :
- क) यस विवरणपत्र अनुसार जारी गरिने हकप्रद शेयर खरिदका लागि यस निष्काशन प्रयोजनका लागि शेयरधनी दर्ता पुस्तिका बन्द गर्ने मितिभन्दा अघिल्लो दिनसम्मकायम शेयरधनीहरुले आफ्नो नाममा कायम शेयरको १ : १ को अनुपातमा (विद्यमान १ कित्ता शेयर बराबर नयाँ १ कित्ता शेयरको दरले) शेयर खरिदका लागि दरखास्त दिन सक्नेछन् ।
- ख) प्रत्येक शेयरधनीले शेयरको हकप्रद निष्काशनका लागि दरखास्त दिंदा बैंकद्वारा तोकिएको निर्दिष्ट ढाँचामा आफ्नो शेयरधनी नम्बर, हाल कायम रहेको शेयर संख्या, शेयर प्रमाणपत्र नम्बर (हरु), आफूले खरिद गर्न पाउने अथवा मागेको हकप्रद शेयर संख्या र सो बराबरको रकम समेत खुलाई रितपूर्वक तोकिए बमोजिमको ढाँचामा आवेदन दिनुपर्नेछ ।
- ग) दरखास्त फारम नेपाली तथा अंग्रेजी दुवै भाषामा पूर्णरुपले भर्नुपर्नेछ ।
- घ) दरखास्तसाथ प्रति शेयर रु. १००/- को दरले आफूले हकप्रद आधारमा खरिद गर्न पाउने शेयर संख्यालाई गुणन गर्दा हुन आउने बराबरको एकमुष्ठ नगद रकम वा सो बराबरको रकम बैंकमा जम्मा गरेको भौचर वा ड्राफ्ट संलग्न भएको हुनुपर्नेछ । भौचर वा बैंक ड्राफ्ट मार्फत् रकम जम्मा गर्दा भौचर वा ड्राफ्ट नम्बर शेयर आवेदन फारममा अनिवार्य रुपमा खुलाउनु पर्नेछ ।
- ङ) यस हकप्रद शेयर निष्काशन प्रयोजनका लागि शेयरधनी दर्ता पुस्तिका बन्द गर्ने मितिभन्दा अघिल्लो दिनसम्मकायम शेयरधनीहरुले मात्र यस हकप्रद निष्काशनमा दरखास्त दिन सक्नेछन् । शेयरधनी दर्ता पुस्तिका बन्द भए पश्चात् शेयर खरिद गर्ने शेयरधनीहरु यस हकप्रद निष्काशनका लागि आवेदन दिन योग्य हुने छैनन् ।
- च) शेयरधनीहरुले तोकिएको समय/अवधि भित्र शेयरका लागि दरखास्त दिनुपर्नेछ । यदि कुनै शेयरधनीबाट तोकिएको समय/अवधि भित्र शेयरका लागि दरखास्त प्राप्त हुन नआएमा त्यस्तो दरखास्तलाई शेयर बाँडफाँडमा समावेश गरिने छैन ।
- छ) "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" मा उल्लेख गरिए बमोजिम तोकिएको म्यादभित्र दरखास्त नदिने तथा दरखास्त दिए पनि माग गरिए बमोजिम तोकिएको रकम नबुझाउने शेयरधनीहरुलाई शेयर बाँडफाँडमा समावेश गरिने छैन र सोमा कसैको कुनै पनि प्रकारको दाबी विरोध लाग्नेछैन ।
- ज) यस हकप्रद शेयर निष्काशनको समयमा कुनै विवाद भएमा वा ऊजुरी परेमा सो को निवारणका लागि बैंकको सञ्चालक समितिको निर्णय नै अन्तिम हुनेछ ।
- झ) हितग्राही खाता नभएको अवस्थामा हितग्राही खाता नं. माग गरि तथा हितग्राही खाता नम्बर उल्लेख गरेका शेयरधनीहरुको खातामा हकप्रद शेयर बाँडफाँड भई कायम बाँडफाँडमा परेको शेयर कित्ता जम्मा गरिनेछ ।
- ञ) आवेदन दिंदा एकै शेयरधनीको भौतिक तथा अभौतिक (डिम्याट) रुपमा रहेको शेयर अनुसार हकप्रद शेयर भर्दा शेयर भौतिक तथा अभौतिक (डिम्याट) जुन रुपमा कायम रहेको भएतापनि एउटै मात्र आवेदन मार्फत दरखास्त दिने व्यवस्था रहेकोले सोही अनुसार आवेदन फारम भर्नुपर्ने ।

१५. यस विकास बैंकको विगत तीन आर्थिक बर्ष तथा पछिल्लो तीन महिनामा नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा भएको पछिल्लो तीन महिनाको शेयर कारोबारको विवरण :

आर्थिक बर्ष	अधिकतम शेयर मूल्य (रू.)	न्यूनतम शेयर मूल्य (रू.)	अन्तिम बजार मूल्य (रु.)	शेयर कारोबार संख्या
२०७२/२०७३	२८८	१५५	१६९	१३९९९६
२०७१/२०७२	२४८	१४०	२०९	५७७४८४
२०७०/२०७१	२१०	७३	२२५	१३९०७२९

महिना	अधिकतम शेयर मूल्य (रु.)	न्यूनतम शेयर मूल्य (रु.)	अन्तिम बजार मूल्य (रु.)	शेयर कारोबार संख्या
फागुन	२७१	२२३	२८८	५०२४३
माघ	२९४	२३५	२४७	५६२७७
पौष	२५५	२२३	२७१	५०२४३

द्रष्टब्यः विकास बैंकको अद्यावधिक बजार मूल्य नेपाल स्टक एक्सचेन्ज लिमिटेडले प्रकाशित गर्ने बजार मूल्य सूचीबाट प्राप्त गर्न सकिनेछ ।

१६. शेयर बाँडफाँड सम्बन्धी व्यवस्था :
विकास बैंकले सार्वजनिक रुपमा आफ्नो शेयरधनीहरुमा हकप्रद आधारमा खरिद आव्हान गरेको शेयर बिक्री बन्द भएको मितिले नेपाल धितोपत्र बोर्डको निर्देशिकाले तोके बमोजिमको दिनभित्र शेयरहरुको बाँडफाँड गरी सोको सूचना राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गर्नेछ । यसरी बाँडफाँड भएपश्चात् नेपाल धितोपत्र बोर्डको निर्देशन बमोजिम निर्धारित अवधि भित्र बाँडफाँडमा परेका शेयरधनीहरुलाई हितग्राही खाता नभएका शेयरधनीहरुको अवस्थामा हितग्राही खाता नं. माग गरि तथा हितग्राही खाता उल्लेख गरी शेयर आवेदन गरेका शेयरधनीहरुको हकमा उक्त शेयरहरु नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा सूचिकरण तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडमा दर्ता गरे पश्चात हितग्राहीहरुको खातामा जम्मा गरिनेछ ।

शेयर बाँडफाँड गर्दा यस हकप्रद निष्काशन प्रयोजनका लागि शेयरधनी दर्ता पुस्तिका बन्द गर्ने मितिभन्दा अघिल्लो दिनसम्मकायम शेयरधनीहरुलेआफ्नो नाममा कायम शेयरको १ : १ को अनुपातमा (विद्यमान १ कित्ता शेयर बराबर नयाँ १ कित्ता शेयर) हुन आउने शेयरको लागि आवेदन दिएमा सोहि अनुरुप शेयर बाँडफाँड गरिनेछ । यदि कुनै शेयरधनीले आफूले हकप्रद आधारमा खरीद/दरखास्त गर्न पाउने शेयर संख्या भन्दा बढी शेयरका लागि आवेदन दिएमा सो बढी शेयरलाई बाँडफाँडमा समावेश गरिने छैन । त्यसरी नै कुनै शेयरधनीले आफूले हकप्रद आधारमा खरीद/दरखास्त गर्न पाउने शेयर संख्या भन्दा कम शेयरका लागि दरखास्त दिएमा सोही बमोजिम नै गणना कायम गरिनेछ ।

१७. शेयर सूचीकरण गराउने सम्बन्धी व्यवस्था :
बैंकले आफ्ना शेयरधनीहरुमा हकप्रद आधारमा खरिद आव्हान गरेको हकप्रद शेयर बिक्री बन्द भएको मितिले नेपाल धितोपत्र बोर्डको निर्देशिकाले तोके बमोजिमको दिनभित्र शेयरको बाँडफाँड पश्चात् बोर्डको निर्देशन बमोजिम निर्धारित अवधिभित्र बाँडफाँडमा परेका शेयरधनीहरु मध्ये हितग्राही खाता नभएका शेयरधनीहरुको हकमा हितग्राही खाता माग गरितथा हितग्राही खाता भएका शेयरधनीहरुको हकमा निष्काशित शेयरहरु नेपाल स्टक एक्सचेञ्ज लिमिटेड, काठमाडौंमा सूचीकरण तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडमा दर्ता गराई खरिद बिक्रीको व्यवस्था मिलाइने छ ।

१८. आफ्नो हक अन्य व्यक्तिलाई हस्तान्तरण गर्ने गरी मनोनयन गरेको अवस्थामा पालना गर्नुपर्ने कुराहरु :
१) साविकको शेयरवालाले देहायको अवस्थामा अन्य कुनै व्यक्तिले खरीद गर्न पाउने गरी हकप्रद शेयर बिक्री खुल्ला भएको अवधिभित्र धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ को अनुसूची-११ को ढाँचामा सम्बन्धित विकास बैंकको शेयर रजिष्ट्रार ग्लोबल आइएमइ क्यापिटल लिमिटेड, जमल, काठमाण्डौमा निवेदन दिई मनोनयन गर्न सक्नेछः
   - क) हकप्रद शेयर खरीद गर्ने हक अन्य कुनै व्यक्तिलाई हस्तान्तरण गर्ने सम्बन्धी व्यवस्था सम्बन्धित संगठित संस्थाको प्रबन्धपत्र वा नियमावलीमा भएको,
   - ख) मनोनयन भै शेयरको लागि आवेदन गर्दा धितोपत्र बजारको कारोबार इकाई अनुसार हुने व्यवस्था नियम १७ को उपनियम (४) बमोजिम प्रकाशित विवरणमा व्यवस्था गरिएको,
   - ग) संगठित संस्थाको प्रबन्धपत्र, नियमावली वा सम्बन्धित नियामक निकायले शेयरको स्वामित्व संख्याको सीमा तोकेकोमा त्यस्तो सिमा भित्र रहेको,
   - घ) संगठित संस्थाको प्रबन्धपत्र र नियमावलीको व्यवस्था अनुसार स्वामित्व तथा संचालक समिति समूहकृत गरिएको भएमा सोही समूहभित्र रहने गरी मात्र मनोनयन गरिएको,
   - ङ) मनोनयन गरिने व्यक्ति प्रचलित कानून बमोजिम कालो सूचीमा नरहेको,
   - च) मनोनयन गरिने व्यक्ति प्रचलित कानून बमोजिम त्यस्तो संस्थाको शेयर खरीद गर्न अयोग्य नभएको ।

२) मनोनयन गर्दा एक व्यक्तिलाई मात्र मनोनयन गर्नु पर्नेछ ।
३) मनोनयनका लागि निवेदन दिंदा निवेदनका साथ हस्तान्तरण गरी लिइने धितोपत्रको चुक्ता रकमको एक प्रतिशत रकमले हुन आउने रकम मनोनयन गरिदिने शेयरधनी (शेयरवाला) ले बुझाएको शुल्क समेत समावेश गर्नु पर्नेछ ।
४) शेयरवालाले आफ्नो हकको हकप्रद शेयर बिक्रीको लागि उपनियम (१) बमोजिम अन्य व्यक्तिलाई मनोनयन गरेमा त्यस्तो शेयरवालाले सोही संगठित संस्थाको अरु शेयरवालाको हकप्रद शेयर खरीद गर्न पाउने छैन ।
५) धितोपत्र बजारले बोर्डको स्वीकृति लिई धितोपत्र बजार मार्फत हक हस्तान्तरण सम्बन्धी व्यवस्था गरेमा सोही बमोजिम हक हस्तान्तरण हुन सक्नेछ ।

उपरोक्त व्यवस्थाको अलावा संस्थापक तथा अन्य शेयरधनीहरुले निम्नानुसारका थप प्रचलित व्यवस्थाहरु पालना गर्नु पर्नेछः
- क) चुक्ता पूँजीको २ प्रतिशत वा सोभन्दा कम शेयर लिएका संस्थापक शेयरधनीको हकमा बैंकले नियामक निकायले तोकेको देहायको शर्तको अधिनमा रहि हक हस्तान्तरण गर्न सक्नेछन भने २ प्रतिशत भन्दा माथि शेयर स्वामित्व भएकाको हकमा नेपाल राष्ट्र बैंकको पूर्व स्वीकृति लिएर मात्र हक हस्तान्तरण गर्न सक्नेछ ।
- ख) संस्थापक/सर्वसाधारण समूहका हकप्रद शेयरको हक हस्तान्तरण आफ्नै समूह/उपसमूहका संस्थापकलाई पहिलो प्राथमिकता दिनुपर्नेछ । यसरी हक हस्तान्तरण गर्दा आफ्नो समूह/उपसमूहमा शेयरको हक हस्तान्तरण हुन नसकेको अवस्थामा विद्यमान अन्य संस्थापकलाई दोस्रो प्राथमिकता दिई हक हस्तान्तरण गर्न सकिने । हकप्रद शेयरको हक हस्तान्तरण विद्यमान संस्थापकहरुबीचमा नै हुने भएमा नेपाल राष्ट्र बैंकबाट जारी निर्देशन अन्तर्गत रही लगानीको स्रोत र कर चुक्ता गरेको हेरी सम्बन्धित बैंकले नै हक हस्तान्तरण गर्नसक्नेछ ।
- ग) माथि (ख) बमोजिम संस्थापक समूहमा शेयरको हक हस्तान्तरण हुन नसक्ने अवस्थामा मात्र अन्य व्यक्ति वा संस्थालाई जुन समूह/उपसमूहबाट शेयरको हक हस्तान्तरण गरी लिएको हो सोही समूह/उपसमूहमा राखिनेछ । सो अवस्थामा प्रस्तावित संस्थापक शेयरधनीले नेपाल राष्ट्र बैंकबाट जारी निर्देशन अनुसार संस्थापक शेयरधनीका लागि तोकिएको योग्यता (Fit & Proper Test) पूरा गरेको हुनुपर्ने । सो का अतिरिक्त प्रस्तावित संस्थापक शेयरधनी कर्जा सूचना केन्द्रको कालो सूचीमा परेको हुनु नहुने र सो प्रस्तावित संस्थापक शेयरधनीले आफ्नो लगानीको स्रोत खुल्ने कागजातका साथै कर चुक्ता प्रमाणपत्र र/वा कर दाखिला गरेको निस्सा समेत पेश गरेको हुनुपर्ने ।
- घ) माथि बुँदा नं. (ख) बमोजिम संस्थापक/संस्थापक समूहको हकप्रद शेयरको हक हस्तान्तरण आफ्नै समूह/उपसमूहका संस्थापकलाई पहिलो प्राथमिकता दिंदा देहाय बमोजिमको प्रक्रिया अपनाउनु पर्नेछ ।
  - हकप्रद शेयरको हक हस्तान्तरण गर्न चाहने शेयरधनीले बिक्री मूल्य तोकी हक हस्तान्तरण गर्न चाहेको निवेदन बैंकमा पेश गर्नुपर्नेछ ।
  - यसरी निवेदन पेश गरेपछि ७ दिनको समय तोकी विकास बैंकले पहिलो प्राथमिकतामा परेका शेयरधनीलाई सूचना दिनुपर्नेछ ।
  - यसरी पहिलो प्राथमिकतामा परेका शेयरधनीले ७ दिनभित्र सो मूल्यमा हक लिन नचाहेमा अन्य संस्थापकलाई बैंकले सूचना दिनुपर्नेछ । तत्पश्चात अन्य संस्थापकलाई दोस्रो प्राथमिकता दिई हक हस्तान्तरण गर्न सकिनेछ ।
- ङ) माथी जुनसुकै कुरा लेखिएको भएता पनि बैंक वा वित्तीय संस्थाका सञ्चालक, कार्यकारी प्रमुख, लेखापरिक्षक, कानुनी सल्लाहकार, कम्पनी सचिव वा बैङ्क वा वित्तीय संस्थाको व्यवस्थापन तथा लेखा सम्बन्धी कार्यमा प्रत्यक्ष रुपले संलग्न व्यक्तिले त्यस्तो पदमा बहाल रहँदाका बखत वा त्यस्तो पद छाडेको कम्तीमा एक वर्षसम्म सम्बन्धित बैंक वा वित्तीय संस्था वा त्यसको सहायक कम्पनीको हकप्रद सेयर उल्लेखित व्यक्तिहरुबीच एकापसमा हक हस्तान्तरण गर्न वा हक हस्तान्तरण स्वीकार गर्न हुँदैन ।

१९. हकप्रद शेयर जारी गर्नुको उद्देश्य :
- क) प्रबन्धपत्र तथा नियमावलीमा उल्लेख गरिएका उद्देश्यहरु अनुरुप गर्नुपर्ने कार्यहरुको लागि आवश्यक पर्ने पूँजी जुटाउन ।
- ख) नेपाल राष्ट्र बैंकले निर्देशन दिए अनुरुप विकास बैंकको भविष्यमा पूँजी कोष अपर्याप्त हुने देखिएकोले समयमा नै हकप्रद शेयर जारी गर्नुपर्ने ।
- ग) बद्दो प्रतिस्पर्धाको सामना गर्न विकास बैंकलाई सक्षम बनाई कारोवार बृद्धि गर्न तथा ग्राहकहरुको बैंक प्रतिको विश्वसनियतालाई बृद्धि गर्न ।
- घ) बैंकको व्यवसाय विस्तारको लागि आवश्यक पूँजीको व्यवस्था गर्न ।

२०. निष्काशनबाट प्राप्त कुल रकम सम्बन्धमा वित्तीय रुपमा स्पष्ट खुलेको उपयोग योजना सहितको विवरण :
यस "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरण" अनुसार हकप्रद शेयर जारी भई प्राप्त हुने रकम निम्नानुसार शिर्षकमा उपयोग गरिनेछ ।

क्र.सं.	शिर्षक	अनुमानित रकम (रु.हजारमा)
१.	कर्जा लगानी	४,००,०००/-
२.	स्थिर सम्पत्तिमा लगानी	३०४,३१७/-
३.	ऋणपत्र तथा बचत पत्रमा लगानी	४,००,०००/-
	जम्मा	११,०४,३१७/-

२१. निष्काशन बैंक (Banker to the Issue) सम्बन्धी व्यवस्था :
यस हकप्रद साधारण शेयर निष्काशनको लागि देहाय बमोजिमका बैंकहरुलाइ निष्काशन बैंकको रुपमा नियुक्त गरिएको छ :

सि.नं.	निष्काशन बैंकको नाम, ठेगाना	खाता नं.
१	सिद्धार्थ बैंक लिमिटेड, अनामनगर, काठमाण्डौ	००११५२५५८४१

उपरोक्त निष्काशन बैंकमा दरखास्त फारम वितरण गर्ने तथा बुझिलिने ब्यवस्था गरिएको छैन ।

२२. हकप्रद शेयर बिक्री खुल्ला अवधि :
हकप्रद निष्काशन गरिने धितोपत्रको दरखास्त खुला रहने अवधि कम्तीमा पैंतीस दिन हुनेछ । उक्त अवधिभित्र निष्काशन गरिएको सबै धितोपत्र बिक्री नभएमा संगठित संस्थाले सूचना प्रकाशन गरी बढीमा थप पन्ध्र दिनका लागि धितोपत्रको दरखास्त खुल्ला राख्न सक्नेछ र त्यस्तो सूचना प्रकाशन गर्नु अगावै सोको जानकारी बोर्डलाई दिनु पर्नेछ ।

२३. हकप्रद शेयर खरीदका लागि दरखास्त पाइने, रकम जम्मा गर्ने र आवेदन बुझाउने स्थानहरुका साथै हकप्रद शेयर खरीदको लागि तयार गरिएको "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" प्राप्त गर्न वा हेर्न सक्ने स्थानहरु :
१. श्री ज्योति विकास बैंक लिमिटेड, कमलादी, काठमाण्डौ र शाखा कार्यालयहरु ।
२. श्री सिद्धार्थ क्यापिटल लिमिटेड, नारायणचौर, नक्साल, काठमाण्डौ ।

उपरोक्त स्थानहरुको अलावा निष्काशन तथा बिक्री प्रबन्धक सिद्धार्थ क्यापिटल लिमिटेड, नारायणचौर, नक्साल, काठमाडौंद्वारा अन्य माध्यममार्फत सूचित गरिने सङ्कलन केन्द्रको रुपमा कार्य गर्ने गरी नियुक्त वित्तीय संस्थाहरुमा हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु प्राप्त गर्न वा हेर्न सक्ने, आवेदन फारम पाउने, बुझाउने र रकम जम्मा गर्ने व्यवस्था गरिनेछ । उक्त उल्लेखित स्थानहरु बाहेक अन्य स्थानबाट आवेदन दिन चाहनेहरुले धितोपत्र निष्काशन बन्द हुनु भन्दा अघिको मितिमा सिद्धार्थ क्यापिटल लिमिटेडको नाममा खिचिएको एकाउण्ट पेयी (A/C Payee) ड्राफ्टसाथ धितोपत्रको लागि आवेदन सिधै हुलाक वा कुरियरद्वारा सिद्धार्थ क्यापिटल लिमिटेड, नारायणचौर, नक्साल, काठमाडौंमा पठाउन सकिने छ । हकप्रद शेयर बिक्री बन्द भएको ७ दिन पछि प्राप्त ड्राफ्ट र आवेदन फारमलाई बाँडफाँडमा समावेश गरिनेछैन । साथै दरखास्त फारमको हकमा निष्काशनकर्ता कम्पनी तथा निष्काशन तथा बिक्री प्रबन्धकको वेभसाइटबाट समेत डाउनलोड गरी भरेर बुझाउन सकिनेछ ।

२४. संचालक तथा आधारभुत शेयरधनीले हकप्रद शेयर वापतको रकम जम्मा गरेको सम्बन्धमा :
यस विकास बैंकको आधारभुत शेयरधनीहरु तथा संचालकहरुले हकप्रद शेयर वापत जम्मा गर्नुपर्ने रकमको सन्दर्भमा एक जना आधारभुत शेयरधनीले हकहस्तान्तणको लागि निवेदन दिनु भएको र वहाँको शेयर स्वामित्व २% भन्दा बदी भएकोले नेपाल राष्ट्र बैंकमा स्वीकृतीको लागि पठाएको र अन्य सम्पूर्ण संचालक तथा आधारभुत शेयरधनीहरुबाट हकप्रद शेयर बापतको सम्पूर्ण रकम जम्मा भएको ।

यस हकप्रद शेयर निष्काशन सम्बन्धमा कुनै लगानीकर्ताहरुको गुनासो सुन्न तथा त्यसको समाधानको लागि धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक श्री सिद्धार्थ क्यापिटल लिमिटेड, नारायणचौर, नक्साल, काठमाडौंमा सम्पर्क गर्नु हुन अनुरोध गरिन्छ ।

दरखास्त फारामको नमूना

ज्योति विकास बैंक लि.
JYOTI BIKASH BANK LTD.
More than a Bank
"नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजत प्राप्त वित्तीय संस्था"
रजिष्टर्ड कार्यालयः का.म.न.पा. वडा नं. ३१, कमलादी, काठमाण्डौ, नेपाल
फोन नं. ०१-४४२७६२७/४४२७५५०/४४३७१८/४४२७६९०, फ्याक्स नं ०१-४४४२१९२
Email: info@jbbl.com.np, website:www.jbbl.com.np
को

सि.नं.

हकप्रद साधारण शेयर खरिद दरखास्त फाराम

श्री संचालक समिति,
ज्योति विकास बैंक लिमिटेड
कमलादी, काठमाडौं, नेपाल ।

मार्फतः Siddhartha Capital Limited, Investing happiness
पो.ब.नं. २१२००, नारायणचौर, नक्साल, काठमाडौं, नेपाल
फोनः ४४२०९२४/४४२०९२५ फ्याक्सः ४४२०९२९
वेबसाईटः www.siddharthacapital.com
इमेलः scl@siddharthacapital.com

कोड नं. ☐☐☐
शेयरधनी नं. ☐
हितग्राही खाता नं. DP ID ☐ Client ID ☐

महाशय,

त्यस विकास बैंकबाट प्रकाशित "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" अनुसार मिति २०७४/०१/१३ गतेका दिनसम्म मेरो/हाम्रो नाममा त्यस विकास बैंकको जम्मा (भौतिक/अभौतिक) .... कित्ता शेयर कायम रहेको र सो शेयरको शतप्रतिशत रकम चुक्ता भुक्तान भैसकेको हुँदा विकास बैंकले जारी गरेको एक शेयर बराबर नयाँ एक शेयर (१ : १) को अनुपातमा .... कित्ता शेयर खरिद गर्ने हक मेरो/हाम्रो रहेकोमा .... कित्ता तथा हक हस्तान्तरण भै आएको (भौतिक/अभौतिक) .... कित्ता गरि जम्मा .... कित्ता हकप्रद शेयर खरिद गर्न इच्छा भएकोले यो निवेदन पेश गरेको छु/छौं । त्यस विकास बैंकको नियमानुसार गर्न मेरो/हाम्रो मञ्जुरी भएकोले उल्लेखित शेयर पाउन अनुरोध गर्दछु/गर्दछौं ।

विवरण	भौतिक कित्ता (प्रमाण-पत्र रहेको हकमा)	अभौतिक कित्ता (हितग्राही खातामा रहेको हकमा)	जम्मा शेयर कित्ता
साविक कायम रहेको शेयर कित्ता			
लिन चाहेको हकप्रद शेयर कित्ता			
हकहस्तान्तरणबाट प्राप्त भएको हक बराबर लिन चाहेको शेयर कित्ता			
जम्मा लिन चाहेको हकप्रद शेयर कित्ता			
हक हस्तान्तरण गरिदिनेको शेयरधनीको शेयरधनी नं./हितग्राही नं.	DP ID	Client ID	शेयरधनी नं.

प्रति शेयर रु.१००/- ले बुझाएको रकम	रु.	अक्षरमा	
दरखास्त बुझाएको मिति	२०७४/ /	रसिद/भौचर नं.	
चेक खिचिएको बैंकको नाम		चेक नं.	
रकम बुझाएको बैंक/कम्पनीको नाम		ठेगाना	

निवेदकको पूरा नाम	नेपालीमा	श्री/श्रीमती/सुश्री/नाबालक						
	In English	Mr./Mrs./Miss/Minor						USE CAPITAL LETTER
ठेगाना	घर नं./वडा नं.		टोल		गा.वि.स./न.पा.		जिल्ला	
Address	House No./Ward no		Tole		VDC/Municipality		District	
सम्पर्क ठेगाना								
PAN No.			Phone No.		Mobile No.			
ना.प्र.प.नं./जारी स्थान			Email ID					
बाबुको नाम								
Father's Name								
बाजेको नाम								
Grand Father's Name								
पति/पत्नीको नाम								
संरक्षकको नाम (नाबालकको हकमा)								
Guardian's Name (Incase of minor)								

यस शेयरको लागि लगानी गरेको रकम सम्पति शुद्धिकरण ऐनको बर्खिलाप हुने गरी आर्जन गरेको होइन । साथै मैले/हामीले यस दरखास्त फारममा खुलाइएको विवरण साँचो हो । झुठा ठहरिएमा प्रचलित कानून बमोजिम सहन/बुझाउन मेरो/हाम्रो मञ्जुरी छ ।

द्रष्टब्यः
१. साविक शेयरधनीले आफ्नो शेयरधनी परिचय नं./हितग्राही खाता नं. अनिवार्य रुपले उल्लेख गर्नुपर्नेछ ।
२. DEMAT भएमा शेयरधनीले अनिवार्य रुपमा DP ID/Client Id दुवै उल्लेख गर्नुपर्नेछ ।
३. रित पूर्वक नभरिएको दरखास्त फाराम हकप्रद शेयर बाँडफाँडमा समावेश गरिने छैन साथै चेक भुक्तान नभएमा दरखास्त फारम स्वतः रद्द हुनेछ ।
४. आफ्नो हक हस्तान्तरण (renounce) गर्न चाहनु हुने शेयरधनीहरुले धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को अनुसूची ११ को ढाँचा बमोजिमको निवेदनमा हक हस्तान्तरण गरि दिनेको दस्तखत प्रमाणित गरि दरखास्त फारमसाथ संलग्न गर्नु पर्नेछ ।

यस दरखास्त फाराममा भरेको विवरणहरु पूर्ण रुपमा ठिक साँचो हो, यसमा कुनै फरक भएमा म निवेदक स्वयं जिम्मेवार हुनेछु ।

निवेदकको दस्तखत
(Applicant's Signature)

- -

यो रसिद हराई अर्काले भुक्तानी लिई गएमा सो को जिम्मेवार निवेदक स्वयं हुनेछ ।

मार्फतः Siddhartha Capital Limited, Investing happiness

रसिद
दरखास्तवालाले भर्नुपर्ने

सि.नं.

शेयरधनी नं./परिचय नं. ☐
हितग्राही खाता नं. DP ID ☐ Client ID ☐

Applicant's Name					
Company's Name	JYOTI BIKASH BANK LTD.				
No. Of Shares Applied		Call Money per Share	Rs.100	Amount Deposited	
Amount in Words					

For Official Use Only: Code No. ☐☐☐
Received by:
Date: Stamp

निवेदकको दस्तखत
(Applicant's Signature)

धितोपत्र निष्कासन तथा बिक्री प्रबन्धक:

Siddhartha Capital Limited
Investing happiness
पो.ब.नं. २१२००, नारायणचौर, नक्साल, काठमाडौं
फोनः ४४२०९२४/४४२०९२५ फ्याक्सः ४४२०९२९
वेबसाईटः www.siddharthacapital.com
इमेलः scl@siddharthacapital.com

मिति २०७४ बैशाख १० गतेको अभियान दैनिकमा प्रकाशित गर्ने